राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन १७औं वार्षिकोत्सव




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १३२ ॥ २०८२ असार ०७ गते शनिबार (21st June 2025 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# हतियारसहित नेपाल प्रवेश गरेका भारतीय पक्राउ

झापा(प्रस) । आक्रमण गर्ने उद्धेश्यले विभिन्न हतियारसहित नेपाल प्रवेश गरेका एक भारतीयलाई प्रहरीले काँकरभिट्टाबाट पक्राउ गरेको छ। शुक्रवार साँझ ७.२० बजे भारत दुर्गानगर सिलिगुडी बस्ने ३५ वर्षीय जयप्रकाश कुमार पाठकलाई एयर पेस्तोल , म्याग्जिन र खुकुरीसहित काँकरभिट्टा बसपार्कमा पक्राउ गरिएको हो । इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले गोप्य सूचनाको आधारमा भारतीय नागरिक पाठकलाई डब्लुबी ७० जी ३२३२ नम्बरको TUV३०० मोडलको कारसहित फेला पारेको थियो। गाडीसहित नियन्त्रणमा लिई चेकजाँच गर्दा उक्त






गाडीको चालक बस्ने सिटमुनि लुकाई राखेको अवस्थामा STAR RX ( IN XAMPL CO२ ००१९०७ ४.५ MM ) MADE IN INDIA लेखिएको कालो रंगको म्याग्जिनसहितको एयर पेस्तोल फेला परेको थियो। चालु अबस्थामा रहेको म्याग्जिन खोली हेर्दा एयर वुलेट जस्तो देखिने ५ राउन्ड , चालक बस्ने सिटदेखि बायाँतर्फको सिटमुनि दुवै साईडमा १-१ थान दावसहितको २ थान खुकुरी पनि फेला परेको थियो ।

त्यस्तै पाठकको शरीरबाट रेडमी कम्पनीको स्क्रिनटच मोवाइल १ थान, सामसुङ कम्पनीको मोवाइल १ थान, उनको परिचय खुल्ने कागजात र गाडीको कागजपत्र फेला परेको छ । ती भारतीय नागरिक कसैलाई आक्रमण गर्न आएको हुनसक्ने आशंका गरिएको छ। त्यसबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी खगेन्द्र खड्काले बताए। अवैध हतियारसहित पाठकलाई नियन्त्रणमा लिई इप्रका काँकरभिट्टामा राखिएको छ।

# झापामा ट्राफिक सप्ताह शुरु



झापा(प्रस) । सडक अनुशासन तथा सवारी दुर्घटना न्यूनीकरणका लागि झापामा पनि शुक्रवारदेखि ट्राफिक सप्ताह शुरु भएको छ । शुक्रवार बिहान बिर्तामोडमा प्रभातफेरि निकालेरट्राफिक सप्ताह शुरु गरिएको हो । कोशी प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरी र जिल्ला ट्राफिक प्रहरी कार्यालय विर्तामोडको संयुक्त आयोजनामा ट्राफिक सप्ताह २०८२ शुभारम्भ गरिएको हो ।

प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीको अध्यक्षता तथा बिर्तामोड नगर प्रमुख पवित्रा महतारा प्रसाईको प्रमुख आतिथ्यमा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु, नेपाली सेना,नेपाल प्रहरी, सशस्त्र प्रहरी, ट्राफिक प्रहरी, स्थानीय , विद्यार्थी लगायत करिब २०० जनाको उपस्थितिमा बिर्तामोडको दुर्गा मन्दिरबाट प्रभातफेरि निकालिएको हो। प्रभातफेरि सिटीसेन्टरको साई पार्टी प्यालेसको सभाहलमा पुगेर कार्यक्रममा परिणत भएको थियो ।

# इलाममा ट्राफिक सप्ताहमा प्रभातफेरि



झापा(प्रस) । इलाममा ट्राफिक सप्ताहको शुभारम्भमा प्रभातफेरि निकालिएको छ । शुक्रवार बिहान जिल्ला प्रहरी कार्यालय इलामका प्रमुख प्रहरी उपरीक्षक एकनारायण कोइरालाको अध्यक्षता तथा इलाम नगरपालिकाका नगर प्रमुख केदार थापाको प्रमुख आतिथ्यमा प्रभातफेरिनिकालिएको हो। र्यालीमा इलाम नगरपालिकाका उप-प्रमुख बिष्णुकुमारी लिम्बू दाहाल,इलामका प्रमुख जिल्ला अधिकारी कल्पना श्रेष्ठ, इलाम जिल्लामा रहेका विभिन्न सुरक्षा निकायका प्रमुखहरू, विभिन्न सरकारी कार्यालयका प्रमुखहरू, जनप्रतिनिधिहरू, जिल्ला प्याब्सन, नगर प्याब्सन, भाडादर निर्धारण परामर्श समितिका सदस्य,यातायात व्यवसायीहरु, पत्रकार, विभिन्न विद्यालयका शिक्षक शिक्षिका, विद्यार्थीहरुसहित करिव ४ सय जनाको उपस्थिति रहेको थियो । इलाम नगरपालिका-७ टुँडिखेलबाट र्यालीसहित सिटिहलमा आई ट्राफिक सप्ताह कार्यक्रम शुरु भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

# 'प्रहरी हुँ' भन्दै धम्क्याएर पैसा असुल्ने युवा पक्राउ

झापा । 'प्रहरी हुँ' भन्दै धम्क्याएर भारतीय बजारका नेपाली ग्राहाकसँग पैसा असुल्ने एक जना युवा विराटनगरबाट शुक्रबार पक्राउ परेका छन्।

नक्कली प्रहरी बनेर पैसा असुल्ने विराटनगर महानगरपालिका-१२ का २५ वर्षीय धनकुमार थारुलाई पक्राउ गरिएको मोरङ प्रहरी प्रवक्ता डीएसपी कोपिला चुँडालले बताइन्। उनका अनुसार थारुलाई विराटनगर-१६ स्थित रानी-जोगवनी सडक खण्डबाट पक्राउ गरिएको हो। थारुले डर र त्रास देखाएर शारीरिक रूपमा अपांगता भएका व्यक्तिलगायत सर्वसाधारणलाईसँग पैसा असुल्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

'भारतको जोगवनीबाट घरयासी सामान लिएर आउनेहरुलाई दुःख दिँदै र धम्क्याउँदै पैसा लिने गरेको पाइयो,' उनले भनिन्, 'प्रहरी हुँ भन्दै डर त्रास देखाउने गरेको खुलेको छ।' 'म प्रहरी हो' भनेर पैसा असुल्ने गरेको पाइएपछि थारुलाई नियन्त्रणमा लिएर अनुसन्धान एवं कारबाहीको दायरामा ल्याइएको जानकारी चुँडालले दिइन्। उनका अनुसार थारुविरुद्ध अभद्र व्यवहार मुद्दा चलाउन जिल्ला प्रशासन कार्यालय मोरङबाट शुक्रबार ५ दिनको म्याद थप गरेर अनुसन्धानको बाँकी प्रक्रिया अघि बढाइएको छ। आफू 'प्रहरी हो' भन्दै विगतदेखि नै डर र त्रास देखाएर थारुले सर्वसाधारणसँग पैसा असुल्ने गरेको प्रहरीको भनाइ छ।

# कोशी प्रदेशले बढायो मोटरसाइकलको वार्षिक कर

झापा(प्रस) । कोशी प्रदेशले मोटरसाइकलको वार्षिक कर बढाएको छ । कोशी प्रदेशले सवारी साधन करको रूपमा लिँदै आएको कर बढाएको हो । यस अनुसार अब १२५ सीसीसम्मको कर यसअघि वार्षिक ३ हजार रुपैयाँ रहेकोमा एक सय रुपैयाँ बढाएर ३ हजार १ सय रुपैयाँ पुऱ्याइएको छ । त्यस्तै, १२५ देखि १५० सीसीसम्मको कर ५ हजार।

रुपैयाँ रहेकोमा यसलाई बढाएर ५ हजार १ सय पुऱ्याइएको छ । १५० देखि २५० सीसीको मोटरसाइकलमा यसअघिको कर ६ हजार रुपैयाँ रहेकोमा यसलाई बढाएर ६ हजार २ सय रुपैयाँ पुऱ्याइएको छ ।

योभन्दा बढी क्षमताको लागि भने कर बढाइएको छैन । अहिले २५० भन्दा धेरै ४०० सीसीसम्मको मोटरसाइकलको लागि ११ हजार र सोभन्दा धेरै क्षमताको लागि वार्षिक २० हजार रुपैयाँ कर निर्धारण गरिएको छ ।




यो वर्ष ग्यास बुलेटको कर बढाएर २२ हजारबाट २५ हजार बनाउनुबाहेक अरू कुनै परिवर्तन गरिएको छैन ।

# कमलमा ढुंगा प्रहारबाट लिम्बूको हत्या




झापा(प्रस) । झापाको कमल गाउँपालिकामा ढुंगा प्रहारबाट एकजनाको हत्या भएको छ ।

बिहीवार साँझ ५.३० बजे कमल गाउँपालिका वडा न. ४ सितापुरी चोक बस्ने ३५ वर्षीय सूर्यबिक्रम लिम्बू र सोही ठाउँ बस्ने ३७ वर्षीय देबेन्द्र लावती दुबै जनाले मादक पदार्थ सेवन गरी एकआपसमा विवाद गरेका थिए ।

त्यसक्रममा देवेन्द्र लावतीले ढुंगाले टाउकोमा प्रहार गर्दा सूर्यबिक्रम लिम्बू घाइते भएका थिए । घाइतेलाई लाईफलाईन अस्पताल दमकमा ल्याई सामान्य उपचारपश्चात् थप उपचारको लागि न्युरो अस्पताल बिराटनगर पठाइएकोमा उपचारको क्रममा शुक्रवार बिहान ७ बजे मृत्यु भएको प्रहरीले जनाएको छ । मृतकको शव सोही अस्पतालमा रहेको छ । कुटपिट गर्ने लावतीलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ ।

# नेपालीहरूको उद्धार गर्न परराष्ट्र मन्त्रालयमा युनिट बनाइने



झापा(प्रस) । इजरायल र इरानबिचको युद्धका कारण नेपालीहरूको सुरक्षा र उद्धारका लागि एक युनिट बनाइने भएको छ । परराष्ट्र मन्त्रालयमा गृह, श्रम रोजगार तथा सामाजिक सुरक्षा र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयस्तरीय बैठकले एक युनिट खडा गर्ने निर्णय गरेको हो ।

परराष्ट्र मन्त्रालयमा युनिट खडा गर्ने र चौबिसै घण्टा काम गर्ने निर्णय गरिएको हो । बैठकमा श्रममन्त्री शरदसिंह भण्डारीसहित श्रम, गृह र पर्यटन मन्त्रालयका सचिवहरूले आवश्यक समन्वय र सहयोगबारे छलफल गरेका थिए । स्वदेश फर्कन चाहने नेपालीहरूलाई परराष्ट्र मन्त्रालयले स्थापना गरेको पोर्टलमा दर्ता गर्न अपिल समेत गरेको छ । त्यहाँको अवस्थालाई युद्ध सुरु भएदेखि नै गम्भीर रूपमा हेरिरहेको र यदि कोही नेपालीले स्वदेश फर्कन चाहेमा उनीहरूलाई के कसरी उद्धार गरी ल्याउने भन्ने विषयमा पनि छलफल भएको थियो ।

# एमालेका युवा नेता राजवंशीले त्यागे जिम्मेवारी



झापा(प्रस)। ठूलो संभावना बोकेका नेकपा एमालेका युवा नेता शम्भुसिंह राजवंशीले आफ्नो जिम्मेवारी परित्याग गरेका छन् । बाह्रदशी गाउँपालिका वडा नं १ का पूर्व वडाध्यक्षसमेत रहेकाराजवंशीले नेकपा एमाले बाह्रदशी गाउँ कमिटीको सचिव पद छोडेका हुन् । उनले बाह्रदशी गाउँ कमिटीमा आफ्नो राजीनामा बुझाएका छन् । उनको राजीनामा स्वीकृत भइसकेको जनाइएको छ ।

गहिरो आस्था, संगठनप्रतिको निष्ठा र सिद्धान्तप्रति समर्पित भावनाका साथ आफू बाह्रदशी गाउँ कमिटीको सचिव पदमा क्रियाशील रही आएकोमा हाल समयसापेक्ष पारिवारिक तथा व्यक्तिगत कारणवश उक्त जिम्मेवारीबाट राजीनामा दिएको उनले बताएका छन् ।

पदबाट अलग्गिए पनि एक प्रतिबद्ध कार्यकर्ताको रूपमा सदैव पार्टीको मार्गदर्शनमा रहने उनले राजीनामा पत्रमा उल्लेख गरेका छन् । विगत १० वर्षदेखि उनी एमाले पार्टीमा क्रियाशील रहेका थिए ।

# दाइजो आएको अनटेस्ट मोटरसाइकल दुर्घटना एकजनाको मृत्यु, दुई घाइते

झापा(प्रस) । बिहेमा दाइजो आएको अनटेस्ट मोटरसाइकलमा तीनजना चढेर तीब्र गतिमा चलाउँदा झापा गाउँपालिकामा एकजनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन् ।

झापा गाउँपालिका वडा न.४ चौधरी टोलस्थित हुलाकी सडकखण्डमा मोटरसाइकल दुर्घटना भएको हो । शुक्रवार बिहान ११;३५ बजे झापा गाउँपालिका वडा न.४ चौधरी टोलस्थित हुलाकी सडकखण्डमा पन्थापाडाबाट झापा बजारतर्फ जाँदै गरेको अनटेस्ट अपाची मोटरसाईकल आफै अनियन्त्रित भई दुर्घटना भएको हो । दुर्घटनामा मोटरसाइकल चालक सोही ठाउँ बस्ने २४ वर्षीय ईनरुल भन्ने फकिर




अली , पछाडि सवार २२ वर्षीय साहिदुल हक र २१ वर्षीय सोहिल मिया घाइते भएका थिए ।

घाइतेमध्ये साहिदुल हकलाई उपचारको लागि बीएण्डसी अस्पताल पठाइएकोमा उपचारको क्रममा मृत्यु भएको हो । अन्य दुई जना घाइतेहरुको बिर्तासिटी अस्पताल बिर्तामोडमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । सो मोटरसाइकल बिहीवार मात्र दाइजोको रुपमा आएको थियो । बेहुलाका साथीहरुले सो मोटरसाइकल चलाएका थिए ।

# मेची भन्सारको राजस्व असुली ओरालो लाग्दैं

• **लक्ष्मी उप्रेती**

मेचीनगर । मेची भन्सार कार्यालय काँकरभिट्टाले चालु आर्थिक वर्ष २०८१/०८२ को एघार महिनाको अवधिमा १४ अर्ब ४३ करोड ९२ लाख ३८ हजार रुपैयाँ राजस्व संकलन गरेको छ। जुन रकम लक्ष्यको तुलनमा ९१ दशमलव ५६ प्रतिशत मात्र हो ।

कार्यालयका सूचना अधिकारी इश्वरकुमार हुमागाईंका अनुसार चालु आवको साउनदेखि जेठ महिनासम्म कार्यालयले १५ अर्ब ७७ करोड १९ लाख ४६ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको थियो । गतवर्षको सोहि अवधिको तुलनामा भने चालु आवमा राजस्व संकलन १४ प्रतिशतले बृद्धि हो । आर्थिक वर्ष २०८०/०८१ को एघार महिनामा कार्यालयले ७७ दशमलव ५६ प्रतिशत र आर्थिक वर्ष २०७९/०८० को यहि अवधिमा ६९ दशमलव ९४ प्रतिशत राजस्व गरेको कार्यालयले जनाएको छ।

अर्थ मन्त्रालय, भन्सार विभागले मेची भन्सार कार्यालय काँकरभिट्टालाई राजस्व असुलीको वार्षिक लक्ष्य १७ अर्ब ३४ करोड ४६ हजार २५ हजार रुपैयाँ दिइएको छ। चालु आर्थिक वर्ष २०८१/०८२ समाप्त हुन अब एक महिना असारमात्र बाँकी छ । कार्यालयलाई बार्षिक लक्ष्य पुरा गर्न असर महिनामा २ अर्ब ९ करोड ५३ लाख ८७ हजार रुपैयाँ संकलन गर्नुपर्ने दबाब छ । यो सम्भावना निक्कै कम भएको भन्सार अधिकारीहरुको भनाई छ। यस अघि मासिकरुपमा संकलन भएको राजस्वले समेत यसलाई पुष्टि गर्दछ।

सबैभन्दा धैरै राजस्व पेट्रोलियम पदार्थको आयातबाट ७ अर्ब ८३ करोड ६२ लाख ४३ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । आयातबाट प्राप्त कूल राजस्वमा मुख्य १० वस्तुबाट प्राप्त राजस्वको योगदानमा पेट्रोलियम पदार्थको हिस्सा भने ६० दशमलव ५५ प्रतिशत रहेको छ।

हुन त कार्यालयको अघिल्लो तीन वर्षको अभिलेख हेर्दा कुनै पनि वर्ष बार्षिक लक्ष्यमा कार्यालय पुगेको छैन । गत आर्थिक वर्ष २०७९/०८० मा २० अर्ब २४ करोड १८ लाख ३८ हजार रुपैयाँ राजस्व संकलन गर्ने वार्षिक लक्ष्य लिइएको भएपनि १४ अर्ब ५ करोड २० लाख ९० हजार रुपैयाँ वा लक्ष्यको तुलनामा ७० दशमलव २१ प्रतिशतमात्र राजस्व असुली भएको थियो । यसैगरी आर्थिक वर्ष २०८०/०८१ मा पनि कार्यालयले लक्ष्य भेट्न सकेन । त्यो वर्ष १४ अर्ब २३ करोड ५२ लाख ६० हजार रुपैयाँ वा ७८ दशमलव ४० प्रतिशत राजस्व संकलन भएको थियो । त्यो वर्ष कार्यालयलाई भन्सार विभागले १८ अर्ब २५ करोड ७८ लाख ६८ हजार रुपैयाँ वार्षिक लक्ष्य तोकेको थियो ।

हरेक वर्ष पूर्वको ठूलो भन्सार विन्दु मेची भन्सार कार्यालय काँकरभिट्टाको राजस्व असुली ओरालो लाग्ने मुख्य कारण अबैध व्यापार नै भएको भन्सार अधिकारीको भनाई छ । भारतको पश्चिम बंगालको पानीट्याँकीस्थित रानीगञ्ज नाकासँग सीमा जोडिएको यो नाका भएर भारत, भुटान बंगलादेशसँग व्यापार हुने गरेको छ । कोशी प्रदेशमा सबैभन्दा धैरै वैदेशिक व्यापार विराटनगर भन्सारपछि मेची भन्सार कार्यालय काँकरभिट्टाबाट हुने गरेको सरकारी अधिकारीहरुको भनाई छ। तर, खुल्ला सिमानाका कारण अबैध व्यापारका कारण राजस्व संकलनमा असर पुगेको भनाई छ।

भारत, बंगलादेश र भुटानसँग यो नाका भएर हुने व्यापार केही वर्षदेखि ओरालो लागेको छ। भन्सार सुनसान र नाका सुस्ताउँदा यसको प्रत्यक्ष असर कार्यालयको राजस्व संकलनमा परेको भन्सार अधिकारीहरुको प्रतिक्रिया छ । कुनै बेला भन्सार विभागको राजस्व असुलीमा महत्वपूर्ण योगदान पुर्‍याउने कोशी प्रदेशकै मुख्य भन्सारको रुपमा रहेको मेची भन्सार कार्यालय काँकरभिट्टा पछिल्लो समय राजस्व असुलीमा पछि परेको सरकारी अभिलेखले प्रष्ट पारेको छ।

कुनै बेला झण्डै चौबीसै घण्टा भीडभाड र खचाखच रहने पूर्वको ठूलो भन्सार विन्दु मेची भन्सार कार्यालय काँकरभिट्टाको परिसर अहिले सुनसानझैं बनेको व्यवसायीहरुको भनाई छ। जस्का कारण कार्यालयको राजस्व असुली हरेक वर्ष ओरालो लाग्दैं गएको भन्सार एजेण्ट संघ मेची भन्सारका अध्यक्ष मोहन निरौलाको भनाई छ। भारतको पश्चिम बंगाल राज्यसँग सीमा जोडिएको पूर्वकै ठूलो भन्सार विन्दु लक्ष्य अनुसार राजस्व संकलन गर्न असफल हुँदा देशकै अर्थतन्त्रमा समेत असर पुग्ने अर्थविदहरुको भनाई छ। वैदेशिक व्यापार हुने कोशी प्रदेशकै ठूलो मानिएको मेची भन्सार कार्यालय काँकरभिट्टा लक्ष्य भेट्टाउन असफल हुँदा यसको असर माथिसम्म नै पुग्ने संघका सचिव (कृष्णकान्त ) नवराज खनियाँको भनाई छ ।

'नेपालले लामो समयदेखि कोलकात्ता बन्दरगाह प्रयोग गर्दै आएकोमा पछिल्लो समय भारतको आन्द्र प्रदेशमा पर्ने विशखा पटनम बन्दरगाह प्रयोग गर्न थालेपछि पनि पूर्वी नाकाबाट व्यापार घटेको व्यवसायीहरुको भनाई छ । विशखा पटनम बन्दरगाहमा ठुल्ठुला जहाजहरु आउँछन् व्यवसायीलाई निक्कै सहज हुन्छ, त्यसले पनि यो नाकाबाट हुने व्यापार क्रमस घट्दै गएको, २०७२ सालको महाभूकम्पबाट तातोपानी र रसुवा नाका अवरोध भएपछि कोलकात्ता हुदैं चाईनिज सामान आयात हुन्थे अहिले ती नाका पनि सञ्चालनमा आएका कारण यस नाकाबाट हुने राजस्व असुली कम भएको अनुमान गर्न सकिन्छ 'अंकिता ट्रेडर्सका सञ्चालक समेत रहेको खनियाँले भने ।

कन्टेनरसहित अन्य मालवाहक सवारी साधनको संख्या समेत अहिले निक्कै पातलो भएका कारण कार्यालयका कर्मचारी समेत निक्कै फुर्सदिला देखिन्छन् । भन्सारभित्र लोड अनलोडमा काम गर्ने ढुवानी मजदुरहरु काम नपाएर रोजगारी गुमाउने अवस्थामा पुगेका छन् । मूल्यका आधारमा आयात भएका मुख्य १० वस्तुहरु र राजस्व संकलनको आधारमा आयात भएका मुख्य १० वस्तुहरुको आयात समेत क्रमशः कम हुदैं गएको छ।

पूर्वी नाकाबाट पेट्रोलियम पदार्थ (डिजल, पेट्रोल मटिट्तेल एलपिजी ग्यास) को आयात न्यून हुनु , सुपारी आयातमा कोटा प्रणाली लागू हुनु र आसामबाट आयात हुने कोइला ठप्प हुँदाको प्रत्यक्ष असर राजस्व असुलीमा परेको भन्सार अधिकारीहरुको बुझाई छ । कार्यालयको मुख्य राजस्व पूर्वी नाकाबाट आयात हुने कोइला, सुपारी पेट्रोलियम पदार्थ क्लिङ्कर तथा बंगलादेशबाट आयातित पेयपदार्थ, खाद्यवस्तु तथा कोइलाले समेत राजस्व असुलीमा ठूलै मद्धत पुगेको थियो । खुला सीमा नाकाका कारण हुने अवैध आयात निर्यातले पनि राजस्व संकलनमा असर पुग्ने गरेको बुझाई छ।

काँकरभिट्टा नाका हुँदै अत्यधिक मात्रामा पेट्रोलियम पदार्थ, खाना पकाउने ग्यास, मट्टिटतेल, तयारी पोशाक, सुपारी, सिमेन्ट क्लिङ्गकर, हवाई स्प्रीड, सुती कपडा, खरानी स्ल्याग, चामल तथा कनिका, ग्लेज टाइल, लुब्रिकेटीङ्ग आयल मोबिल, मोटरका व्याट्री, प्लाष्टिकका प्याक गर्ने ट्युवहरुलगायतका विभिन्न सामग्री भारत तथा तेस्रो मुलुकबाट पैठारी भई आउने गरेका छन् । मुसुरो दाल, भेनियर सिट, चोकर भुस, आलस, चिया, खयर कत्था, जडीबुटी फलामे संरचनाहरु, अदुवा, सुठो, सुंगुर, बेतताड, प्लाउड, क्राफ्ट पेपरलगायतका वस्तुहरु नेपालबाट भारत तथा समुन्द्रपार निकासी हुने गरेका छन् ।

# केन्याबाट सात जना नेपाली निष्कासित



झापा। पूर्वी अफ्रिकी मुलुक केन्याबाट सात जना नेपाली निष्कासित भएका छन्। अध्यागमन कानुन उल्लंघन गरेको आरोपमा केन्याले उनीहरूलाई नेपाल फर्काएको हो।

निष्कासित हुनेमा सुनिल बुढा मगर, प्रेमबहादुर गुरुङ, आशिष ढकाल, दिनेश बस्नेत, सरस्वती गिरी, शिव गिरी र जनक बुढा रहेका छन्। उनीहरू गत मंगलबार काठमाडौं आइपुगेको स्रोतले जानकारी दिएको छ। इन्डिगो एयरलायन्सको विमानबाट भारत हुँदै उनीहरूलाई काठमाडौं ल्याइपुऱ्याएको स्रोतको भनाइ छ। अध्यागमन कानुन उल्लंघन गरेको आरोप उनीहरूलाई निष्कासित गरिएको भन्ने छ। तर, ठ्याक्कै विस्तृत विवरण खुलाइएको छैन,' स्रोतले भन्यो। यस विषयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयसँग बुझ्दा अनभिज्ञता प्रकट गरियो। कार्यालयका सूचना अधिकारी अञ्जन न्यौपानेले आफूलाई यस विषयमा जानकारी नभएको बताए।

# एमआरपीमा ९२ कम्पनीलाई करोड बढी जरिवाना

झापा । वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले अधिकतम खुद्रा बिक्री मूल्य (एमआरपी) कार्यान्वयन गर्ने अडान दोहोऱ्याएको छ । सबै वस्तुमा एमआरपी कार्यान्वयन सम्भव नभएको भन्दै वस्तुगत सङ्घहरूले विरोध गरिरहेको बेला विभागले यसलाई कडाइका साथ कार्यान्वयन नगरे कारबाही गर्ने चेतावनी दिएको हो ।

शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै वस्तु बेच्ने, कृत्रिम अभाव सिर्जना गर्ने जस्ता समस्या नियन्त्रण गर्न यो कदम चालिएको उल्लेख गरेका छन्। अब उप्रान्त स्वदेशी उत्पादक र पैठारीकर्ताले वस्तुको लेबलमा उत्पादकको नाम, ठेगाना, उत्पादन र उपभोग्य मिति, परिमाण, तौल र गुणस्तरसहित एमआरपी स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

त्यस्तै, डिलर, खुद्रा तथा थोक विक्रेताहरूलाई पनि एमआरपीसहितको लेबल भएका उद्योगहरूको स्थलगत अनुगमन गरिएको जनाएको छ । सो क्रममा कानुन विपरीत व्यापारिक गतिविधि सञ्चालन गरेको पाइएका ९२ वटा फर्म तथा उद्योगलाई कुल १ करोड ९९ हजार रुपैयाँ जरिवाना तिराइएको छ।

यसका अतिरिक्त विभागले ३०८ वटा फर्मलाई थप कागजात पेस गर्न निर्देशन दिएको छ भने १७८ वटालाई अन्य प्रकृतिका निर्देशनहरू जारी गरेको छ। साथै, २६ वटा फर्मलाई




विभागका महानिर्देशक कुमारप्रसाद दाहालले उपभोक्ता संरक्षण ऐनले तोकेको व्यवस्था कार्यान्वयन गर्न आग्रह गरेका हुन् । विज्ञप्तिमा उपभोक्ता संरक्षण ऐन, २०७५ ले नै उत्पादक र पैठारीकर्तालाई वस्तुमा नेपाली वा अङ्ग्रेजी भाषामा लेबल लगाउनुपर्ने र त्यसमा एमआरपी अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था गरेको स्मरण गराएका हुन्। विभागले बजारमा एमआरपीभन्दा बढी मूल्य लिने, बिलबिजक जारी नगर्ने, गुणस्तरहीन तथा नक्कली वस्तु मात्र बेच्न र अनिवार्य रूपमा बिल जारी गर्न आग्रह गरिएको छ। ऐनको यो व्यवस्था विपरीत गएमा प्रचलित कानुनअनुसार कारबाही हुने चेतावनी दिएका छन् ।

विभागले वैशाखपछि मात्र ९२ कम्पनीलाई करोड बढीको जरिवाना गरेको जनाएको छ । विभागले गरेको कारबाहीको विस्तृत विवरण अनुसार पछिल्लो समयको बजार अनुगमनलाई तीव्र पार्दै कूल ७१३ वटा व्यावसायिक फर्म तथा सामान्य निर्देशनमा छाडिएको छ। यो कारबाही सिमेन्ट, डन्डी, सवारी साधनका पार्टपुर्जा, खाद्यान्न, जुत्ता, कपडा, निर्माण सामग्री, कस्मेटिक तथा इलेक्ट्रोनिक सामान लगायतका विभिन्न क्षेत्रमा केन्द्रित थियो ।

विभागले आफ्नो कार्यक्षेत्र फराकिलो बनाउँदै काठमाडौंका २८ वटा संस्थागत विद्यालयको समेत अनुगमन गरी आवश्यक कागजातसहित उपस्थित हुन निर्देशन दिएको र थप कारबाहीका लागि स्थानीय तहमा पत्राचार गरिएको जनाएको छ।

# इरान र इजरायलसँग नेपालको सम्बन्ध

झापा । इजरायल-इरान युद्ध सुरु भएको एक साता नाघेको छ । दुवै देशले एक अर्कामाथि मिसाइल आक्रमण शुक्रबार पनि जारी राखेका छन् । यी दुई देशबीचको युद्धको प्रत्यक्ष प्रभाव त्यहाँ रहेका नागरिकमै परेपनि अप्रत्यक्ष प्रभाव भने नेपाली बजारमासमेत पर्ने देखिन्छ । किनकी चालु आर्थिक वर्षको पहिलो ११ महिनामा इजरायलबाट १ अर्ब १५ करोड ६३ लाख ८८ हजार रुपैयाँको वस्तु आयात गरेको छ भने इरानबाट यही अवधिमा ६ करोड ७० लाख ६५ हजार रुपैयाँको वस्तु आयात गरेको छ ।

५५ सय नेपाली कार्यरत रहेको इजरायलमा द्वन्द्वको प्रभाव बढ्दै गएमा त्यहाँ रहेका नेपालीमा त पर्ने छ नै त्यहाँबाट नेपालमा आयात हुने सामानमा पनि पर्ने नै छ । भन्सार विभाग प्राप्त झन्डै ६ वर्षको तथ्यांक केलाउँदा हरेक वर्ष इजरायलबाट हुने आयात बढ्दो क्रममा देखिन्छ ।चालु आर्थिक वर्षको पहिलो ११ महिनामा इजरायलबाट १ अर्ब १५ करोड ६३ लाख ८८ हजार रुपैयाँको वस्तु आयात भएको छ । जबकी निर्यात भने ५ करोड ४९ लाख १८ हजार रुपैयाँको भएको छ । गत आर्थिक वर्षभर इजरायलबाट १ अर्ब ८९ करोड ९८ लाख रुपैयाँको वस्तु आयात भएको थियो । निर्यात भने ४ करोड २२ लाखको भएको थियो ।

इजरायलसँग अर्बौं रुपैयाँको कारोबार भइरहेपनि इरानसँगको वार्षिक व्यापार भने नगन्य रहेको छ । युद्धमा होमिएको इरानमा नेपालीको संख्या पनि नगन्य रहेको छ । परराष्ट्र मन्त्रालयका अनुसार इरानमा जेलमा रहेका ५ सहित १७ नेपाली मात्रै रहेका छन् । चालु आर्थिक वर्षको ११ महिनामा इरानबाट ६ करोड ७० लाख ६५ हजार रुपैयाँको वस्तु आयात भएको छ ।

इरानमा हाम्रो निर्यात पनि नगन्य नै छ । विभागका अनुसार चालु आर्थिक वर्षका ११ महिनामा इरानमा ८५ लाख ९३ हजार रुपैयाँको सामान मात्रै निर्यात भएको छ । गत आर्थिक वर्षमा इरानबाट २ करोड ८७ लाख १३ हजार रुपैयाँको वस्तु आयात भएको थियो । उक्त वर्ष इरानमा ४० लाख ८८ हजार रुपैयाँको मात्रै निर्यात भएको थियो ।

इरान र इजरायलबीचको युद्धले वैदेशिक व्यापारमा प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव पर्ने पूर्ववाणिज्य सहसचिव रवि सैंजुले जनाए ।

'इरानसँग नेपालमा व्यापार त्यति छैन । तर इजरायलबाट अर्बौं रुपैयाँका विभिन्न वस्तु आयात हुन्छन्, निर्यात भने करोडमा हुन्छ,' सैंजुले भने, 'युद्ध चर्किंदै गए अमेरिका र युरोपमा हुने आयात-निर्यातमा पनि समस्या उत्पन्न हुन्छ ।'

इरान र इजरायलसँग धेरै व्यापार नभए पनि अन्य देशसँगको व्यापारलाई समेत त्यसले प्रभाव पर्ने उनले बताए । भने, 'सबैभन्दा असर कच्चा तेल र त्यसबाट हुने मूल्यवृद्धि नै हो ।'

विशेषगरी इजरायलबाट सफ्ट ड्रिंक्स, चस्मालगायत अन्य मेडिकल सामग्री आयात गरिएको विभागले जनाएको छ । चालु आर्थिक वर्षको ११ महिनामा सफ्ट ड्रिंक्स मात्रै ८३ करोड १५ लाख रुपैयाँको वस्तु आयात गरिएको छ । नेपालबाट इजरायलमा जर्दा, खैनी, गलैंचालगायत वस्तु निर्यात भएको छ ।

## राजावादीको आन्दोलन मत्थर भएपछि काठमाडौंको निषेधाज्ञा फिर्ता



झापा(प्रस) । राजावादीहरूको आन्दोलन मत्थर भएपछि जिल्ला प्रशासन कार्यालय काठमाडौंले चक्रपथभित्र र अन्य सार्वजनिक स्थानमा लगाएको निषेधाज्ञा हटाएको छ । आन्दोलनलाई लक्षित गर्दै विभिन्न सार्वजनिक स्थानमा भेला, जुलुस, धर्ना र प्रदर्शन गर्न लगाएको प्रतिबन्ध लगाएको थियो ।

कार्यालयले शुक्रवार एक सूचना जारी गर्दै गत जेठ १८ गतेको आदेश खारेज भएको जानकारी दिएको हो। यसअघि प्रशासनले जेठ १८ गते एक आदेश जारी गर्दै काठमाडौं जिल्लाको चक्रपथ र चक्रपथभित्रका सार्वजनिक स्थानमा भेला जम्मा भई अनसन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन तथा सभा लगायतका विरोधका कार्यक्रमहरू गर्न निषेध गरेको थियो।

सहायक प्रमुख जिल्ला अधिकारी अशोककुमार भण्डारीद्वारा हस्ताक्षरित सूचनामा भनिएको छ, 'मिति २०८१-०२-१८ गतेको आदेश मार्फत् निषेध आदेश जारी गरेकोमा हाललाई उक्त आदेश कायम नरहेको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।'

## काँकडभिट्टा नाकाबाट प्रवेश गरेका तामाङमा भेटियो कोरोना

झापा(प्रस) । पूर्वी नाका काँकडभिट्टाबाट प्रवेश गरेका एक व्यक्तिमा कोरोना संक्रमण भेटिएको छ । बिहीवार दिउँसो २.२५ बजे काँकडभिट्टाबाट प्रवेश गरेका दोलखा तामाकोशी गाउँपालिका २ बस्ने ४७ वर्षीय दावा तामाङलाई कोरोना पुष्टि भएको हो । उनी भारतको खर्साङबाट घरतर्फ फर्किदै गरेका थिए । काँकडभिट्टा नाकामा रहेको हेल्थडेक्समा एन्टीजेन टेस्ट गर्दा पोजिटिभ




देखिएकोले उनलाई होम आइसोलेसनमा पठाइएको प्रहरीले जनाएको छ । पूर्वमा एकपछि अर्कोमा कोरोना संक्रमण देखिन थालेको छ । यसअघि झापा बिर्तामोड र इलाम रोडका दुईजनामा कोरोना पुष्टि भइसकेको छ ।

## पूर्ण अपांगता भएकी महिलालाई करणी गर्ने विश्वकर्मा पक्राउ



झापा(प्रस) । इलाममा पूर्ण अपांगता भएकी महिलालाई जवरजस्ती करणी गर्ने एकजना पक्राउ परेका छन् । बुधवार साँझ ५:३० बजे पूर्ण रुपले अपाङ्गता भएकी ४६ वर्षीया महिलालाई इलाम नगरपालिका ६ गढी बस्ने ३२ वर्षीय नरबहादुर विश्वकर्माले जवरजस्ती करणी गरेका थिए । बिहीवार जिल्ला प्रहरी कार्यालय इलाममा पीडितका श्रीमानले जाहेरी दिनासाथ प्रहरी टोली खटिएर पीडक विश्वकर्मालाई नियन्त्रणमा लिएको छ ।


## बाढी र पहिरोबाट जोगिऔं

**बाढी र पहिरोबाट हुने जोखिमबाट सतर्क बनौः**

- सञ्चार माध्यमबाट मौसमको जानकारी प्राप्त गर्ने गरौं,
- बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा होसियारी अपनाऔं,
- आपतकालीन झोला (औषधि, टर्चलाइट, खानेकुरा र लुगाफाटा) तयार राखौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिऔं,
- बाढी पहिरो आएमा सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका लाइन वा पोलबाट टाढा बसौं,
- बाढीको समयमा खोलानाला पार गर्दा सतर्कता अपनाऔं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा जोखिममा परेका व्यक्तिको उद्धारमा सहयोग गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# योग गरौं

शारीरिक रूपमा स्वस्थ एवं मानसिक रूपमा आनन्द प्राप्तिका लागि योग नै उच्चतम उपाय मानिएको छ । योगले शरीर, मन र आत्मलाई एकाकार बनाई मन, शान्त र स्थिर रहन मद्दत गर्दछ । योग निरन्तर अभ्यासले शारीरिक, मानसिक र अध्यात्मिक व्यक्तित्व विकास हुन्छ । श्वास प्रश्वासलाई ध्यानमा राखेर विस्तारै आशन गर्नाले मानसिक शान्ति प्राप्त हुन्छ ।

योगासनबाट शरीरमा स्फूर्तिको जागरण हुन्छ, शरीर हल्का हुन्छ । मानसिक तनाव घट्छ, निद्रा राम्रोसँग लाग्छ । पाचन क्रिया बलियो हुन्छ, अल्छीपन हट्छ । शरीर निरोगी बन्छ । छाला नरम भई शरीरमा चमक आउँछ । विभिन्न किसिमका योगासन र प्रणायामद्वारा उपचार गर्न सकिन्छ । योग जति उमेर ढल्किँदै गयो, उति बढी साधनामा रमाउने र जीवन बिताउने सरल र सहज माध्यम बन्छ । योग युवायुवतीदेखि लिएर बयोवृद्ध उमेरका सबैले गर्न मिल्छ ।

योग कक्षामा स्वस्थ्यकर भोजन, गहन आराम, प्राणायाम र ध्यान पनि जोडिए आउँछ । योगासन व्यायामले शरीर शुद्धिमा मद्दत गर्छ भने प्राणायाम र ध्यानले एकाग्र भई आनन्द प्राप्त गर्न सकिन्छ । समग्रमा भन्नुपर्दा जीवन र जगतमा सुख र शान्तिसँग बाँच्ने कलाका योग भनी बुझ्न सकिन्छ ।

हरेक उमेर समूहका लागि योग आवश्यक हुन्छ । आज भागदौडको जीवनमा त शारीरिक तन्दुरुस्तीको सहज उपाय योग नै हो । योगबाट मानसिक रोगदेखि दीर्घ रोगसम्म निको हुन सक्छ ।

योग कसलाई आवश्यक पर्छ भन्नुभन्दा पनि कसलाई पर्दैन भन्ने मुख्य कुरा हो । बालकको शारीरिक विकास र विद्यार्थीको बौद्धिक विकासका लागि पनि योग आवश्यक हुन्छ । वयस्क युवाका लागि योग कुलतबाट मुक्ति, एउटा संस्कारयुक्त बाटो अपनाउन तथा शारीरिक/मानसिक सुसंगठनका लगि पनि योग चाहिन्छ ।

गृहिणीलाई पनि सन्तुलन बनाइराख्न योग आवश्यक हुन्छ । मानसिक शान्तिका निम्ति योगले औषधिको काम गर्छ । यसका साथै, कतिपय रोग उपचारको दृष्टिकोणले पनि योग आवश्यक छ ।

योगका विभिन्न प्रक्रिया छन् । यी प्रक्रियामध्ये शरीरको बाह्य सन्तुलनका लागि व्यायाम, रोगका दृष्टिकोणले केही आसन र शरीरका अंग-प्रत्यंग स्वस्थ राख्न र मानसिक शान्तिका लागि प्राणायामको महत्वपूर्ण भूमिका हुन्छ । अहिले अष्टांग योगमा आधारित भएर संसार चलिरहेको छ । त्यसमध्ये आसन र प्रणायामप्रति धेरैको आकर्षण छ ।

एउटा व्यक्तिले एकैचोटि कुनै नियम पालन गर्न नसके पनि आसन र प्रणायामलाई समात्न सक्छ । त्यसपछि भने उसले नियम बिस्तारै पालन गर्न थाल्छ । त्यसपछि एउटा ध्यान उत्पत्ति हुन्छ र मुक्तिको बाटो प्राप्त गर्न सक्छ ।






# प्रणालीगत सुधार अपरिहार्य



• डा.मधुसूदन न्यौपाने

भ्रष्टाचार नेपालमा गहिरो रूपमा गाडिएको बहुआयामिक समस्या हो, जसले सुशासन, सामाजिक चेतना, आर्थिक क्षेत्र, पूर्वाधार विकास, अन्तर्राष्ट्रिय सम्बन्ध र राष्ट्रिय छविमा गम्भीर असर पुऱ्याएको छ । नीतिगत र प्रशासनिक तहमा व्यापक भ्रष्टाचार व्याप्त छ, जसमा घुस दिने र लिने दुवै जिम्मेवार छन् । केही गैरजिम्मेवार कर्मचारीका कारण सम्पूर्ण कर्मचारीतन्त्र बदनाम भइरहेको छ । जटिल प्रशासनिक प्रणालीले नागरिकलाई सेवा पाउन कठिन बनाएको छ, जसले गर्दा घुस दिन बाध्य हुने अवस्था सिर्जना भएको छ । सार्वजनिक सेवामा समानता र न्यायको अभावले जनविश्वास घट्दै गएको छ र यसले दीर्घकालीन रूपमा समाजमा नकारात्मक प्रभाव पार्ने खतरा बढाएको छ ।

राजनीतिक नेतृत्वको प्रत्यक्ष-अप्रत्यक्ष संलग्नतामा हुने नीतिगत भ्रष्टाचारले लोकतान्त्रिक शासन प्रणाली र राष्ट्रिय विकासमा बाधा पुऱ्याएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि पनि देश प्रणालीगत भ्रष्टाचारसँग जुधिरहेको छ । मिडियामा निरन्तर आएका भ्रष्टाचारसम्बन्धी समाचारले आमजनताको चेतनास्तर त बढाइरहेको छ तर यससँगै राजनीतिक दल, कर्मचारीतन्त्र र शासन प्रणालीप्रति विश्वास घटाइरहेको छ । भ्रष्टाचारले आर्थिक वृद्धि रोक्दै आर्थिक असमानता र राजनीतिक अस्थिरता बढाइरहेको छ ।

### भ्रष्टाचारको प्रकृति र रूप

नेपालमा नागरिकले सामान्य प्रशासनिक सेवाहरू जस्तै राहदानी, ड्राइभिङ इजाजतपत्र, सार्वजनिक विद्यालयमा भर्ना, सार्वजनिक अस्पतालमा स्वास्थ्य सेवा, इजाजतपत्र तथा कागजात प्राप्तिका लागि प्रायः घुस दिनुपर्ने बाध्यता रहेको आमबुझाइ छ । पूर्वाधार र विकास परियोजनामा सार्वजनिक कोषको दुरुपयोग, नातावाद, कृपावाद र योग्यभन्दा सम्बन्धमा आधारित राजनीतिक रूपमा गरिने नियुक्तिहरूले दक्ष व्यक्ति अवसरबाट वञ्चित हुने गरेको आरोपसमेत छ । राजनीतिक नेताहरू र व्यावसायिक स्वार्थ समूहबिचको साँठगाँठ, साथै न्यायपालिकामा मौलाउँदै गएको अनियमित कार्यले कानुनको शासन र सामाजिक जवाफदेहितासमेत कमजोर हुँदै गएको छ । भूमिको अभिलेख हेरफेर र अवैध जग्गा कब्जामा राजनीतिज्ञहरूको संलग्नताका खबरहरू समय समयमा विभिन्न सञ्चार माध्यमबाट प्रकाशन र प्रसारण भएबाट समेत यहाँ नीतिगत भ्रष्टाचार रहेको देखिन्छ ।

मेलम्ची खानेपानी आयोजना, वाइडबडी विमान खरिद, कर छली, नक्कली भ्याट बिल जस्ता घटना भ्रष्टाचारका ठुला उदाहरण हुन् । केही ठुला व्यवसायी कर कार्यालयका कर्मचारीसँग मिलेर सरकारलाई अर्बौंको क्षति पुऱ्याइरहेका छन् । यसै गरी विशेष अदालतकाबाट भएका केही फैसलामा समेत निष्पक्षता नदेखिएको भनी प्रश्न उठ्ने गरेको छ, जसले आमजनतामा देशको न्यायिक प्रणालीप्रति पनि शङ्का उत्पन्न भएको छ । यी सबै क्रियाकलापले देशको सुशासन, पारदर्शिता, जवाफदेहिता, आर्थिक स्थिरता र जनविश्वासमा गम्भीर असर पुऱ्याइरहेका छन् ।

### शक्ति र भ्रष्टाचारबिच सम्बन्ध

नेपालमा राजनीतिक भ्रष्टाचारका घुसखोरी, सार्वजनिक रकमको दुरुपयोग, नातावाद र अधिकारको गलत प्रयोगसहित विभिन्न रूपमा प्रकट भइरहेको छ । यसलाई रोकथाम गर्नका लागि कानुन र आचारसंहिताको डण्डा स्वरूप भ्रष्टाचारको अनुगमन र खबरदारी गर्ने गरी स्थापित अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचारका विरुद्धका गतिविधिसँग लड्नका लागि खडा गरिएको जिम्मेवार संवैधानिक निकाय हो । ललिता निवास जग्गा हडप्ने घोटाला प्रकरण भ्रष्टाचारको सबैभन्दा ज्वलन्त उदाहरणमध्ये एक हो । जहाँ राजनीतिज्ञ, कर्मचारी र व्यवसायीबिचको मिलेमतोमा ११४ रोपनीभन्दा बढी सरकारी जग्गा गैरकानुनी रूपमा निजी संस्थाहरूलाई हस्तान्तरण गरियो । यसमा पूर्वमन्त्री र सचिवसहित तीन सयभन्दा बढी व्यक्ति संलग्न भएको भनियो । यो प्रकरणमा अख्तियारले विशेष अदालतमा मुद्दा दायर गऱ्यो ।

त्यस्तै सहकारी क्षेत्र ठगीमार्फत निक्षेपकर्ताबाट अर्बौं रुपियाँ हिनामिना भएको आरोप छ । यी सामान्य राजनीतिक आडमा भएका घोटालाहरूको प्रकरणले नेपालमा भ्रष्टाचारको जरा कहाँसम्म पुगेको छ भन्ने प्रस्ट हुन्छ । यसमा समाजका उपल्लो वर्ग, कर्मचारी, व्यवसायी, राजनीतिक नेताहरू र उनीहरूको संरक्षणमा सङ्गठित रूपमा देखिएका स्वार्थ समूह र बिचौलियाको शक्तिशाली संलग्नतालाई उजागर गर्छ । अनुसन्धानमा राजनीतिक हस्तक्षेप, सूचना दिनेहरूका लागि सुरक्षाको अभाव, कमजोर कार्यान्वयन र कम दोषी ठहर हुनु नै प्रमुख चुनौती हो ।

### भ्रष्टाचारको मूल कारण

राजनीतिज्ञ संस्था र नेतृत्वले दीर्घकालीन राष्ट्रिय हितको सट्टा तत्काल व्यक्तिगत लाभमा ध्यान केन्द्रित गर्नु पनि भ्रष्टाचारको कारण हो । सार्वजनिक संस्थामा सीमित व्यक्ति, समूह र संस्थाहरूको पहुँच, पारदर्शिता र जवाफदेहिताको कमीले भ्रष्टाचार न्यूनीकरणमा गम्भीर प्रभाव पारेको छ । केही सन्दर्भमा उपहार वा सुविधा शुल्क दिने कार्यलाई सामान्यकृत गरिनु पनि अर्को भ्रष्टाचारको कारण हो । पूर्वाधार विकासमा प्रभाव सहयोग पुग्ने खालका विदेशी लगानीलाई आकर्षित गर्ने खालका नीति ल्याउनुका साथै कार्यान्वयनमा जोड दिनुपर्नेमा विकास परियोजना प्रभाव पार्ने मनसाय स्वरूप हुने गैरकानुनी कार्यबाट प्राप्त आर्थिक परिणामहरूले भ्रष्टाचारजन्य गतिविधिलाई उजागर गर्छ । फलस्वरूप यसले देशमा विदेशी लगानीलाई निरुत्साहित गर्नुका साथै विदेशी लगानीमा सञ्चालित परियोजनाको लागत बढाउँछ, आर्थिक दक्षता घटाउँछ र नागरिकमा आर्थिक भार थपिन्छ ।

भ्रष्टाचारले निम्न गरिब वर्गलाई असर गर्छ । जो सार्वजनिक निकायमा घुस तिर्न कम सक्षम हुन्छन्, उनीहरूको मात्र आवाज सुनिन्छ भन्ने कमजोर मानसिकता नागरिकमा जागृत हुन दिनु हुँदैन । प्राकृतिक स्रोत व्यवस्थापन स्वरूप भ्रष्टाचारले वन फँडानी, अवैध खानी उत्खनन् र जलविद्युत् परियोजना सञ्चालन पनि अर्को कारण हो । नागरिकले सार्वजनिक संस्थामाथि विश्वास गुमाउनु भनेको उनीहरूको समाजप्रतिको उदासीनता, मोह भङ्ग हुनु हो ।

### संस्थागत कमजोरी र दण्डहीनता

खोज पत्रकारिता, सामाजिक सेवा संस्थाहरूले दबाब र धम्कीको सामना गरे पनि महत्वपूर्ण रूपमा भ्रष्टाचारजन्य गतिविधिको निगरानीमा भूमिका खेलिरहेका छन् । यसै गरी युएनडिपी, विश्व बैङ्क, अन्तर राष्ट्रिय मुद्रा कोष र युएसएआइडी संस्थाहरूले विकासोन्मुख देशमा शासन सुधार र पारदर्शिता पहललाई समर्थन गर्छन् । संस्थागत कमजोरीका कारण नेपालमा भ्रष्टाचारजन्य कार्यले निरन्तरता पाएको हो । सार्वजनिक संस्थाहरूमा पारदर्शिता, जवाफदेहिता र सुशासनको अभावले यहाँ हुने भ्रष्ट अभ्यासलाई अनियन्त्रित रूपमा फस्टाउन मलजल गरेको छ ।

भ्रष्टाचारजन्य गतिविधिको सामाजिक रूपमा निगरानी गर्ने 'ह्विसल ब्लोअर' हरूले यहाँ प्रतिशोधको सामना गरिरहनु परेको छ । यसले गलत काम पर्दाफास गर्ने प्रयासलाई निरुत्साहित गर्छ । यसबाहेक दण्डहीनताको संस्कृति व्याप्त छ, फलस्वरूप यहाँ शक्तिशाली व्यक्तिलाई कार्यका आधारमा बिरलै जवाफदेही बनाइएको छ । जहाँ नियुक्ति र निर्णयहरू राजनीतिक विचारबाट प्रभावित हुन्छन्, त्यहाँ कानुनको शासन स्वतः कमजोर बन्छ भन्ने प्रजातान्त्रिक देशहरूप्रतिको विश्वव्यापी मान्यता रहिआएको छ ।

### लोकतन्त्र र विकासमा प्रभाव

लोकतन्त्रको विकासमा भ्रष्टाचारको दूरगामी परिणाम देखिन थालेको छ । भ्रष्टाचारजन्य लोकतान्त्रिकसंस्थामाथिजनताकोविश्वासलाई कमजोर बनाउँछ । जसले आममतदातामा आवधिक निर्वाचनप्रतिको उदासीनता बढाउँछ । हालसालै केही राजनीतिक आस्था समूहबाट राजतन्त्रको माग गर्दै भएको विरोध प्रदर्शनले वर्तमान राजनीतिक प्रणालीप्रति घन्टी बजाएको छ । नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि नेपालको संविधान, भ्रष्टाचार निवारण ऐन २०५९ (पहिलो संशोधन २०८१), फौजदारी संहिता, २०७४ सूचनाको हकसम्बन्धी ऐन, २०६४ सूचनाको हकसम्बन्धी नियमावली, २०६५ र सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ लगायतका कानुन तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्र जस्ता संस्थाहरू क्रियाशील छन् । यी कानुनले सार्वजनिक पदाधिकारीको आचरण नियन्त्रण, घुस लेनदेन तथा गैरकानुनी सम्पत्ति आर्जनलाई दण्डनीय बनाएका छन् । विशेष अदालतमार्फत मुद्दा दर्ता, अनुसन्धान र सुनुवाइको व्यवस्था गरिएको छ । यद्यपि प्रभावकारी कार्यान्वयनको अभावले भ्रष्टाचार नियन्त्रणमा चुनौती रहेका छन् र कार्यान्वयन निकायहरूको पारदर्शिता तथा जवाफदेहिता सुदृढ गर्नु आवश्यक छ ।

### निष्कर्ष

नेपालको अन्तर्राष्ट्रिय छवि सुधार्न केवल कानुन पर्याप्त हुँदैन, राजनीतिक र प्रशासनिक क्षेत्रको भ्रष्टाचार नियन्त्रणका लागि गहिरो संरचनागत सुधार आवश्यक छ । भ्रष्टाचार विरोधी निकायलाई राजनीतिक प्रभावबाट मुक्त गर्दै स्वतन्त्र, जवाफदेही र सक्षम बनाउनु पर्छ । न्यायपालिका स्वतन्त्र र अखण्ड हुनु पर्छ भने सूचनामा सार्वजनिक पहुँच र 'ह्विसल ब्लोअर' संरक्षण सुनिश्चित गर्नु पर्छ । डिजिटल शासन, पारदर्शिता र नागरिक शिक्षाबाट घुसको अवसर घटाउन सकिन्छ । योग्यतामा आधारित नियुक्ति र नागरिक समाजको सक्रिय सहभागिताले शासनलाई जवाफदेही बनाउँछ । स्वतन्त्र मिडियाको समर्थन र सूचनादाताको सुरक्षाले पारदर्शिता प्रवर्धन गर्छ । अन्ततः राजनीतिक इच्छाशक्ति र नेताहरूको इमानदार प्रतिबद्धताले नै भ्रष्टाचार नियन्त्रणमा दिगो सुधारको आधार खडा गर्न सक्छ ।

भ्रष्टाचार शासन विफलताको लक्षण र कारण दुवै हो, जसले लोकतन्त्रको जग कमजोर पार्दै राष्ट्रिय प्रगतिमा अवरोध पुऱ्याएको छ । सुधारका प्रयास भए पनि प्रणालीगत र सांस्कृतिक रूपान्तरण अपरिहार्य छ । यसका लागि संस्थागत सुधारसँगै राजनीतिक इच्छाशक्ति र सामाजिक मूल्यमा परिवर्तन आवश्यक छ । शक्तिको दुरुपयोगले भ्रष्टाचारलाई बढावा दिएको छ, जसलाई अन्त्य गर्न सबै क्षेत्रको एकीकृत प्रयास जरुरी छ । पारदर्शिता, न्यायिक स्वतन्त्रता, नागरिक सहभागिता र सुदृढ राजनीतिक प्रतिबद्धतामार्फत मात्र न्यायपूर्ण, समतामूलक र समृद्ध नेपाल सम्भव छ । यात्रा चुनौतीपूर्ण भए पनि सम्भावनायुक्त छ ।

# शैक्षिक पद्धतिमा सुधार



• रीता भण्डारी

नेपालको शैक्षिक प्रणालीलाई समयसापेक्ष तुल्याउन २०२७ सालमा नयाँ शिक्षा लागु गरियो । सो अनुरूप विद्यालय शिक्षा ऐन, २०२८ जारी भयो । तत्पश्चात् प्राविधिक शिक्षालाई व्यवस्थित गर्न प्राविधिक शिक्षा ऐन, २०४५ माध्यमिक शिक्षालाई व्यवस्थित गर्न माध्यमिक शिक्षा ऐन, २०४६ र त्रिवि व्यवस्थित गर्न त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ जारी गरियो ।

अहिले, नेपालको शैक्षिक क्षेत्र, विद्यालय शिक्षा ऐन, २०२८, प्राविधिक शिक्षा ऐन, २०४५, माध्यमिक शिक्षा ऐन, २०४६, त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ सञ्चालन भइरहेको छ । शैक्षिक क्षेत्रलाई समयसापेक्ष गराउने उद्देश्यका साथ तर्जुमा गरिएका विद्यालय शिक्षा, प्राविधिक शिक्षा र उच्च शिक्षा विधेयक मसौदा अहिले संघीय संसद्मा विचाराधीन अवस्थामा छन् ।

२०६२/६३ सालको दोस्रो जनआन्दोलनपूर्व नेपालमा छ वटा विश्वविद्यालय रहेकोमा अहिले संघीय, प्रादेशिक र मानक गरी यो संख्या १७ पुगेको छ । हालसम्म आङ्गिक १६२ वटा, सम्बन्धन प्राप्त ५३९ वटा, निजी ७५४ वटा, विदेशी विश्वविद्यालयसँग सम्बन्धन प्राप्त ५७ वटा गरी कुल उक्त हजार ५१४ कलेज सञ्चालनमा छन् । जहाँ, आर्थिक सर्वेक्षणले २०७८/७९ मा ६८२ हजार विद्यार्थी विश्वविद्यालय तथा कलेजमा अध्ययनरत देखाएको छ । नेपालको शैक्षिक क्षेत्र अहिले पनि अनेकौं कमीकमजोरी एवं उल्झनमा बल्झिरहेको छ ।

शैक्षिक लागतको जहाँसम्म सवाल छ, नेपालमा अध्ययन गर्न शैक्षिक शुल्क मात्र, एमबिएस पढ्न तीन लाख, नर्सिङ चारदेखि पाँच लाख, बिबिए पाँचदेखि छ लाख, चार्टर्ड एकाउन्टेन्सी आठदेखि १० लाख, इन्जिनियरिङ १० देखि १२ लाख, एमबिबिएस ४० देखि ४५ लाख आवश्यक पर्छ । छात्रवास, खाना, स्टेसनरी खर्चबाहेक आवश्यक पर्ने न्यूनतम लागत हो, यो ।

यो तितो सत्य हो कि नेपालमा, मानविकी, समाजशास्त्र, राजनीति शास्त्र, शिक्षा वा त्यस्तै विषयमा स्नातक वा स्नातकोत्तर उत्तीर्णपश्चात् मासिक २०/२५ हजार रुपियाँ प्राप्त गर्ने गरी रोजगारी पाउनु कठिन छ । करिब चार/पाँच लाख रुपियाँ खर्चिएर नर्सिङ विषय अध्ययन गरेका युवतीले रोजगारीको अभावमा मासिक १२/१५ हजार रुपियाँ मासिक पारिश्रमिकमै निजी क्लिनिक वा नर्सिङ होमहरूमा कार्य गर्नु पर्ने बाध्यता छ । इन्जिनियरिङ वा चिकित्साशास्त्र अध्ययन गरेका जनशक्तिले समेत मासिक ३०/३५ हजार रुपियाँ पारिश्रमिकमै चित्त बुझाउनुपर्ने विवशता छ । निजी शैक्षिक संस्थामा उच्च शिक्षा अध्यापन गराउने शिक्षकले समेत स्तरीय जीवन व्यतीत गर्न सक्ने पारिश्रमिक प्राप्त गर्नु कठिन छ । अर्थात् मासिक पारिश्रमिक ३०/३५ हजार रुपियाँमै चित्त बुझाउनुपर्ने विवशता छ ।

हाम्रो हकमा परम्परागत शैक्षिक प्रणालीको कारण अहिले पनि १९ प्रतिशत स्नातक पूर्ण बेरोजगार छन् भने १६ प्रतिशत स्नातक प्रचलितभन्दा न्यून पारिश्रमिकमा काम गर्न बाध्य छन् । जबकि, नेपालका कतिपय व्यावसायिक घराना मासिक दुई/तीन लाख रुपियाँ पारिश्रमिक प्रदान गर्न तम्तयार हुँदासमेत तदनुरूपको जनशक्ति प्राप्त गर्न सकिएको छैन । अर्थात् शैक्षिक जनशक्ति उत्पादन गर्ने संस्था र शैक्षिक जनशक्ति खपत गर्ने निकायबिच समन्वयको अभाव छ । यसको अर्थ शैक्षिक संस्थाबाट उत्पादित जनशक्ति र श्रम बजारबिच उपयुक्त तादाम्यता अभाव छ ।

आकर्षक भनिएका अन्य क्षेत्रमा असफल भएका शैक्षिक जनशक्ति शिक्षण पेसामा प्रवेश गर्ने दूषित वातावरण निर्माण गरिएको छ । शिक्षकले आर्जित ज्ञानलाई व्यवहारमा उतार्ने गरेको बिरलै पाइन्छ । जसले जीवनमा कुनै व्यापार व्यवसाय नै गरेको छैन उसले बिबिए वा एमबिए जस्ता विषय अध्यापन गर्छन् । शिक्षकलाई अध्ययनशील, प्रविधिमैत्री र शोधक बनाउन सकिएको छैन । आवश्यकता अनुसार शिक्षक चयन, क्षमता अनुसार नियुक्त तथा बर्खास्ती, कार्यसम्पादनमा आधारित पारिश्रमिकको अभाव छ । शिक्षकले समयमा पारिश्रमिक प्राप्त गर्न नसक्दा त्यसको नकारात्मक प्रभाव अध्यापनको गुणस्तमा पर्ने गरेको छ । शिक्षकको क्षमता अभिवृद्धिका लागि यथेष्ट तालिम, सिकाइ वा प्रशिक्षणको व्यवस्था गर्न सकिएको छैन ।

कुनै पनि कार्यबाट परिलक्षित उद्देश्य प्राप्त गर्न कार्यगत धारण, लक्ष्य, उद्देश्य, गति, गन्तव्य निर्धारण गरिएको हुनु पर्छ । राज्यले उपलब्ध गराउने शिक्षा के कस्तो हुने, शिक्षाको राष्ट्रिय उद्देश्य के हुने, शिक्षा सेवामूलक वा व्यावसायिक के हुने, सबैका लागि समान वा आर्थिक हैसियतका आधारमा प्राप्त गर्न सकिने भन्ने सम्बन्धमा राज्यको धारणा के हुने भन्ने विषयमा बहस नै भएको पाइँदैन । शैक्षिक युवा तप्कालाई उद्यमशील कसरी बनाउने, युवातप्काको बदलिँदो सपना, आकाङ्क्षा एवं महत्वाकांक्षालाई के कसरी सम्बोधन गर्ने, राज्यलाई आवश्यक पर्ने शैक्षिक जनशक्ति के कति अवधिभित्र तयार पार्ने, उच्च शिक्षा हासिलका लागि बाहिरिनुपर्ने बाध्यता निरूपण के कसरी गर्ने, विदेशमा पुगि ज्ञान, सिप एवं दक्षता आर्जन गरेका जनशक्तिलाई कसरी स्वदेशमा भित्र्याउने भन्ने विषयमा खासै चासो र चिन्तन छैन । विश्वविद्यालयलाई कसरी बचाउने, शैक्षिक प्रणालीलाई कसरी गुणस्तरीय, व्यावहारिक, जीवनउपयोगी, बजार माग अनुकूल कसरी बनाउने, नयाँ पुस्ताले उच्च शिक्षाका लागि विदेशी शैक्षिक संस्था किन रोजिरहेका हुन्, भन्ने, अध्ययनपश्चात् स्वदेशमा फर्कने सोच किन नबनाएका हुन् यी र यस्ता विषय राज्यले केस्रा-केस्रा केलाई समाधनार्थ प्रस्ट सोच, दृष्टिकोण, योजना र रणनीति तय गर्नुपर्ने होइन र ?

कुनै पनि कार्य गर्नुअघि उक्त कार्यको आवश्यकता, औचित्य, आयाम, उपयोगिता र दीर्घकालीन प्रभाव विश्लेषण तथा लेखाजोखा गर्नु बुद्धिमानी हुन्छ । उक्त दर्शन शैक्षिक क्षेत्रमा पनि भन्नै लागु हुन्छ । यसर्थ, विद्यालयय तथा विश्वविद्यालयको पाठ्यक्रम तयार गर्दा, राष्ट्रिय आवश्यकता के हो, के कस्तो जनशक्ति, कुन कुन क्षेत्रमा, के कति परिमाणमा आवश्यक पर्ने हो, जनशक्ति मौज्दातको अवस्था कस्तो छ ? वार्षिक रूपमा के कति परिमाणमा श्रमशक्ति श्रम बजारमा आगमन हुने गरेको छ, शैक्षिक क्षेत्रमा के कस्ता नवीतम पद्धति प्रविष्ट भएका छन् आदि विषयको लेखाजोखा हुनै सकेको छैन । केन्द्रीय र प्रादेशक गरी कुल १७ वटा विश्वविद्यालय स्थापना भइसकेको र नयाँ विश्वविद्यालय स्थापनाको ढोका खुला राखिएको सन्दर्भमा बढीमा ७ लाख विद्यार्थीका लागि के कति विश्वविद्यालय,

❖ बाँकी तेस्रो पृष्ठमा

# युवाको द्वन्द्व : स्वतन्त्र VS झोले



• शान्तिराम बस्नेत

वर्तमान नेपालको राजनीतिक अवस्थालाई नियाल्दा, इतिहासकार तथा दार्शनिक प्लिनी द एल्डरले लेखेको किताब "Natural History" को एक लेखाइले मन छुन्छ– "धनको लोभले मानिस जातिलाई यति कठोर रूपमा समातेको छ कि अब सम्पत्ति मानिसले होइन, सम्पत्तिले मानिसलाई नियन्त्रण गरिरहेको छ।" अर्थात कार्यक्रममा भनेका थिए रे "युवाको रगत तातो हुनुपर्छ, त्यसले क्रान्ति ल्याउँछ। उनका भनाइ अनुसार स्वतन्त्र युवाहरू अन्याय, भ्रष्टाचार र कुशासनविरुद्ध सधैँ खरो उत्रिन्छन्। सामाजिक सञ्जालमा होस् वा सार्वजनिक मञ्चहरूमा, उनीहरू आफ्नो स्पष्ट र तार्किक विचार राख्छन्। यिनीहरूलाई थाहा छ कि देश बनाउन इमानदारिता, लगनशीलता र दूरदृष्टि चाहिन्छ, न कि चाकडी र झोलेगिरी।

तर, विडम्बनाको कुरा, हाम्रो राजनीतिमा ' झोले युवा' हरूको बिगबिगी छ। यिनीहरूलाई राजनीति भनेको व्यक्तिगत लाभ, पद र पैसा कमाउने माध्यम मात्र लाग्छ। "जुन गोरुको सिङ छैन, त्यसको नाम राखे हुन्छ ट्यापे " भनेझैँ, यिनीहरूको आफ्नो कुनै विवेक र सिद्धान्त हुँदैन। यिनीहरू नेताका कठपुतली बनेर गलत कुरालाई पनि सही साबित गर्न पछि पर्दैनन्। नेताको एक इशारामा जे पनि गर्न तयार हुने यो प्रवृत्तिले देशलाई दलदलमा धकेलेको छ। महान् चिन्तक चाणक्यले भनेझैँ, "जहाँ अज्ञानीहरूलाई सम्मान गरिन्छ, त्यहाँ योग्यहरूलाई अपमानित गरिन्छ, र त्यस राष्ट्रको पतन निश्चित छ।" आज हाम्रो देशको हालत ठ्याक्कै यही छ।

ललिता निवास, गिरीबन्धु जग्गा प्रकरण, भिजिट भिसाको नाममा मानव तस्करी, नक्कली भुटानी शरणार्थी जस्ता मानवता विरोधी अपराध र सुन तस्करी जस्ता राष्ट्रिय लज्जाका काण्डहरू– यी सबै झोले मानसिकताका उपज हुन्। यी काण्डहरूले देशलाई आर्थिक रूपमा टाट पारेका छन् र अन्तर्राष्ट्रिय जगतमा हाम्रो छवि धूमिल पारेका छन्। "घर भित्रको शत्रुले बाहिरको शत्रुभन्दा बराबर नोक्सान गर्छ " भनेझैँ, यिनै झोलेहरूले देशलाई भित्रभित्रै खोक्रो पारिरहेका छन्।

यिनै झोलेतन्त्रका कारण आज नेपालका हजारौं, लाखौं युवाहरू आफ्नो उज्ज्वल भविष्यको सपना बोकेर विदेसिन बाध्य छन्। कतिपय युवा खाडीको चर्को घाममा ज्यान गुमाउँछन्, कति बाकसमा फर्कन्छन् र कतिपयको त उतै लाससमेत भेटिँदैन वा सदाका लागि बेपत्ता हुन्छन्। यो हृदयविदारक पीडाको मुख्य कारण नै यही झोले राजनीतिको उपज हो जसले देशभित्र रोजगारीका अवसरहरू सिर्जना गर्न सकेन, युवाको पौरखलाई चिन्न सकेन। "गाउँको बाघले खाओस् कि शहरको झोलेले खाओस्, दुवै बराबर हो" भन्ने उक्ति आज लाखौं नेपाली युवाको नियति बनेको छ। अब प्रश्न उठ्छ, कहिलेसम्म यी झोलेहरूले हाम्रो देशको भविष्यलाई बन्धक बनाइरहन्छन् ? कहिलेसम्म स्वाभिमानी युवाको रगत पसिना विदेशमा बग्ने हो?



भारतका पूर्व राष्ट्रपति डा. एपीजे अब्दुल कलामले भनेका थिए, "यदि एउटा देशलाई भ्रष्टाचारबाट मुक्त र सुन्दर दिमागको राष्ट्र बनाउन चाहनुहुन्छ भने, म दृढतापूर्वक विश्वास गर्छु कि तीन प्रमुख सामाजिक सदस्यहरूले यसमा परिवर्तन ल्याउन सक्छन् : पिता, माता र शिक्षक ।" तर, हाम्रो सन्दर्भमा अब ती तीनसँगै स्वतन्त्र युवाको निर्णायक भूमिका आवश्यक छ । अब यिनै झोलेहरूलाई तिनीहरूकै झोलाले मुख छोपेर राजनीतिको दलदलबाट बाहिर निकाल्नुपर्ने बेला आएको छ। नत्र भने "हात्ती आयो हात्ती आयो फुस्सा " भनेझैँ, परिवर्तनका कुराहरू भाषणमा मात्र सीमित रहनेछन् र नेपाल सधैं झोलेतन्त्रको दलदलमा फँसिरहनेछ, युवाहरू विदेसिन बाध्य हुने क्रम कहिल्यै रोकिने छैन र बाकसमा फर्कने शवको लाम अझै लम्बिनेछ।

मानिसको सबैभन्दा ठूलो अभिलाषा पैसा हो, त्यसपछि शक्ति, तर यी दुवैभन्दा ठूलो कुरा ती प्राप्तिका लागि गरिने दुष्कर्म हो।

आज नेपालमा झोलेतन्त्रको अभिलाषाले यसरी जरा गाडेको छ कि यसले स्वतन्त्र सोच भएका युवाहरूको सपनालाई कुल्चिँदै देशलाई नै अधोगतितिर धकेलिरहेको छ। "स्वतन्त्र युवा सोच" र "झोले युवा सोच" बीचको यो द्वन्द्वले राष्ट्रको भविष्यमाथि नै गम्भीर प्रश्न चिन्ह खडा गरेको छ।

स्वतन्त्र युवा सोचले परिवर्तन र क्रान्तिको उद्घोष गर्छ। यी युवाहरू कुनै दलको भजन गाउँदैनन्, न त कुनै नेताको अन्धभक्त बन्छन्। उनीहरूको मनमा देशका लागि केही गर्ने अठोट हुन्छ, जसरी कवि भूपि शेरचनले कुनै एक

अब त यस्तो लाग्छ, यी झोलेहरूलाई तिनीहरूकै झोलाले मुख छोपेर देशबाट लखेट्नुपर्ने बेला भैसक्यो ! होइन भने, "पानी धमिलो भयो भने माछालाई फाइदा, राजनीति धमिलो भयो भने झोलेलाई फाइदा !" भन्ने कुरा कहिल्यै टुङ्गिँदैन।

## बीपी राजमार्गमा रातिको समयमा सवारी चलाउन रोक



झापा । अन्तरजिल्ला सुरक्षा समन्वय समितिले बीपी राजमार्गमा हुने जोखिमलाई मध्यनजर गर्दै (खुर्कोट र काभ्रेभञ्ज्याङ सडकखण्ड ) मा आगामी १५ दिन रातिको समयमा सवारी चलाउन रोक लगाउने निर्णय गरेको छ ।

शुक्रबार बसेको काभ्रे, सिन्धुली र रामेछापका अन्तरजिल्ला सुरक्षा समन्वय समितिको बैठकले यस्तो निर्णय गरेको रामेछापका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले जानकारी दिए ।

उनका अनुसार साँझ साढे ६ बजेदेखि बिहान ५ बजेसम्म मालवाहक गाडी बाहेक अन्य सवारी साधन चल्न रोक लगाउने निर्णय भएको हो । यसबारे विस्तृत सूचना सडक डिभिजन कार्यालयले निकाल्नेछ ।

प्रमुख जिल्ला अधिकारी थापाले सडकले सम्भवतः आइतबारदेखि लागू हुनेगरी त्यस्तो सूचना प्रकाशित हुने बताए । समितिले काठमाडौंबाट जाने सवारी काभ्रे भञ्ज्याङमा राक्ने र काठमाडौं तर्फजानेलाई सिन्धुलीको खुर्कोटमा रोक्ने निर्णय गरेको हो । गत असोजमा गएको बाढीपहिरोले उक्त राजमार्गमा क्षति भएको थियो ।

## स्यानिटरी प्याडमा कर हटाउन सर्वोच्चको परमादेश



झापा । सर्वोच्च अदालतले स्यानिटरी प्याडमा लगाएको कर हटाउन परमादेश जारी गरेको छ।

सर्वोच्चका न्यायाधीशहरू मनोजकुमार शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले कर हटाउन परमादेश जारी गरेको हो।

यो रिट कानुनका दुई जना विद्यार्थीले दायर गरेका थिए। श्रीना नेपाल र अभ्युदय भेटवालले बिएएलएलबी दोस्रो वर्षमा अध्ययनरत रहँदा स्यानिटरी प्याडमा सरकारले कर हटाउन मागसहित २०७८ सालमा रिट दायर गरेका थिए।

हाल उनीहरू चौथो वर्षको परीक्षा सकेर नतिजा पर्खिरहेका छन्।

'चार वर्षको लामो पर्खाइ र संघर्षपछि सर्वोच्चले रिट निवेदनलाई स्वीकार गर्दै हाम्रो पक्षमा परमादेश जारी गरेको छ,' उनीहरूले भने।

उनीहरूले महिनावारीमा प्रयोग गरिने सम्पूर्ण स्यानिटरी उत्पादनहरूलाई 'लक्जरी वस्तु-१३ प्रतिशत मूल्य आय करको दायराबाट हटाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा ३ अन्तर्गत मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) छुट हुने वस्तु तथा सेवाहरूको समूह ५ औषधि, उपचार र यस्तै स्वास्थ्य सुविधाहरूको प्रावधानमा राख्न माग गरेका थिए।

स्वदेशी स्यानिटरी उत्पादनमा आवश्यक विभिन्न प्रकारको कच्चा पदार्थहरूको आयातामा लगाइएका भन्सार महसुल र त्यसमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर (कच्चा पदार्थमा ५ प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर गरी जम्मा १८ प्रतिशत कर) तिर्न कानुनले बाध्यकारी बनाएको रिटमा उल्लेख छ।

जसकारण उत्पादन मूल्य बढ्दा प्याड महँगिने भन्दै भन्सार महसुल दरलाई पनि संशोधन गरी उपयुक्त भन्सार छुट हुने कानुन बनाउन आदेशको मागदाबी गरेको थियो।

निवेदकले विदेशी उत्पादको हकमा समेत मूल्य अभिवृद्धि करलाई संशोधन गर्न माग गरेका थिए।

यसरी मागदाबी अनुसार नै परमादेश जारी गरेको उनीहरूको भनाइ छ।

## रास्वपाको विरोधकाबिच प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यसूचीबाट हट्यो



झापा(प्रस) । रास्वपाको विरोधका बिच प्रनिनिधिसभा बैठकमा प्रधानमनत्रीसँग प्रश्नोत्तर कार्यक्रम कार्यसूचीबाट हटेको छ । शुक्रवारको बैठकमा प्रधानमन्त्रीको सांसदहरुको प्रश्नको जवाफ दिने कार्यक्रम भएपनि रास्वपाको विरोध कायमै रहेपछि सभामुख देवराज घिमिरेले विशेष कारण प्रश्नोत्तर कार्यक्रम कार्यसूचीबाट हटाएको घोषणा गरेका छन् ।

त्यसपछि रास्वपाको विरोधकैबिच सभामुखले सभा अघि बढाउने प्रयास गरेका छन् । उनले खर्च कटौतीको प्रस्तावमाथि छलफलका लागि सांसद अमरेश सिंहलाई बोल्न समय दिएका छन् । सभामुखले सिंहलाई समय दिए लगत्तै रास्वपाका सांसदहरू बेल घेर्न पुगेका छन् ।

तर सभामुख घिमिरेले सिंहलाई समय दिएपछि सांसद रामहरि घिमिरेले विनियोजन विधेयकमाथिको छलफलमा सम्बन्धित मन्त्रीहरू उपस्थित नभएको मन्त्री उपस्थित भएपछि मात्र छलफल अघि बढाउन माग गरे ।

त्यसपछि माओवादीका सांसद हितराज पाण्डेलाई सभामुखले बोल्न समय दिए । उनले सरकारले सांसदलाई बारम्बार हेपेको बताए । उनले बारम्बार संसदको कार्यसूची हटाउने गरेको तथा मन्त्रीहरू अनुपस्थित हुने गरेको भन्दै आपत्ति जनाए । उनले सरकारले नियम पालना गर्नुपर्दैन ? भनेर प्रश्न गरे ।

सांसदहरुको आपत्तिपछि युवा तथा खेलकुद र महिला बालबालिका मन्त्रालयको कार्यसूची पनि हटाएका छन् ।

## शैक्षिक...

के कस्ता विधामा र कुन कुन भौगोलिक क्षेत्रमा, के कति अवधिमा स्थापना गर्नु आवश्यक पर्ने हो अध्ययन विश्लेषण गरी संख्या निर्धारण गर्नु पर्छ ।

गुणस्तरहीन शिक्षाले निराशा, कुण्ठा, बेरोजगारी र विसङ्गति मात्र निम्ताउने हुँदा शैक्षिक संस्थाबाट प्रदान गरिने शिक्षालाई गुणस्तरीय, जीवनउपयोगी, व्यावहारिक र वैज्ञानिक तुल्याउनु पर्छ । गुणात्मक भन्दा मात्रात्मक जनशक्ति उत्पादनमा जोड दिनु उपयुक्त होइन । यसर्थ, गुणात्मक शैक्षिक जनशक्ति उत्पादन गर्न प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक, उच्च माध्यमिक र उच्च शिक्षाबिच तारताम्य मिलाउनु पर्छ । शैक्षिक गुणस्तरण सुधारार्थ सरकारी, सामुदायिक तथा निजी तहमा सञ्चालित प्राथिमिक, निम्न माध्यमिक, माध्यमिक तथा उच्च माध्यमिक र विश्वविद्यालयमा निहित प्रयोगशाला, पाठ्यसामग्री, भौतिक पूर्वाधार, अध्यापकीय क्षमता, अनुगमन तथा निरीक्षण पद्धतिलाई अब्बल तुल्याउनु पर्छ ।

गुणस्तर सुधार लक्ष्य र समयसीमा अनुबन्धित हुनु पर्छ । पाँच, दश वा २० वर्षमा के कस्तो गुणस्तरसहित कुन उचाइमा पुऱ्याउने हो, लक्ष्य र समयसीमा निर्धारण गरी, लक्ष्य प्राप्तार्थ आवश्यक स्रोतसाधन सुनिश्चित गर्नु पर्छ । उच्च शिक्षालाई व्यावहारिक र जीवनउपयोगी तुल्याउन अत्याधुनिक प्रयोगशालासहित प्राविधिक शिक्षामा जोड दिनु पर्छ । यसका निमित्त शोध-अनुसन्धान, समस्या समाधान, आलोचनात्मक सोचाइ, सूचना प्रविधिको प्रयोग र विद्युतीय पुस्तकालय जस्ता शैक्षिक आयाम मजबुत बनाउनु पर्छ । शैक्षिक पद्धतिलाई जीवन उपयोगी तुल्याउन शैक्षिक संस्थाहरूलाई उद्योगधन्दा, उद्यमशीलता र समुदायसँग अनुबन्धन गर्न बिर्सनु हुँदैन । जलस्रोत, कृषि भूमि, उच्च हिमशृङ्खला, हिमताल, बहुमूल्य जडीबुटी, खनिज, जैविक विविधता, सांस्कृतिक विविधतासँग शैक्षिक आयाम अनुबन्धन गरी विदेशी विद्यार्थीलाई यी विधामा पठनपाठनमा आकर्षित गर्नु पर्छ । शिक्षकले विद्यार्थीको मात्र नभई, समाज र मुलुकको भविष्यसमेत निर्धारण गर्ने हुँदा क्षमतावान् व्यक्ति मात्र शैक्षिक पेसामा प्रवेश गर्ने वातावरण निर्माण गर्नु पर्छ । शिक्षकको क्षमता अभिवृद्धिका लागि नियमित रूपमा तालिम, सिकाइ, प्रशिक्षण, अनुसन्धान, आकर्षक सेवासुविधा उपलब्ध गराउँदै निजलाई अध्ययनशील, शोधक, नैतिकवान्, अद्यावधिक बनाउने वातावरण सिर्जना गर्नु पर्छ । अध्यापकलाई अध्ययनशील एवं अद्यावधिक तुल्याउन नियुक्ति तथा निष्कासन स्वतन्त्रता (हायर एन्ड फायर) र कार्यसम्पादनमा आधारित पारिश्रमिक (परफमेन्स बेस्ड पेइड) विधि कार्यान्वयमा ल्याउन हिचकिचाउनु हुँदैन । अध्यापन पेसाको सामाजिक प्रतिष्ठा खस्किरहेकाले उठानका उपाय पहिल्याइ कार्यान्वयन गर्नु पर्छ । अर्थात् आकर्षक सेवा सुविधाको प्रबन्ध गरी निजामती वा सो सरह आकर्षक तुल्याउनु पर्छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।**
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१० 

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।